# माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
**Mathagadhi Rural Municipality**
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
**Jhadewa, Palpa**
लुम्बिनी प्रदेश, नेपाल
**Lumbini Province, Nepal**
Email: mathagadhimun@gmail.com

च.नं.:( Despatch No.)
पत्र संख्या:(Ref No.)

**बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रमका लागि दरखास्त आव्हानको सूचना ।**

सुचना नं: ४२/२०७९/८० प्रथम पटक प्रकाशित मितिः २०८०/०१/२५

माथागढी गाउँपालिका कृषि तथा पशु सेवा शाखाको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषकको काबुभन्दा बाहिरको परिस्थितिबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरी कृषकहरुलाई व्यावसायिक खेती तथा पशुपालन तर्फ आकर्षित गर्न बाली तथा पशुधन बीमा प्रिमियममा अनुदान कार्यक्रम रहेअनुसार तोकिए बमोजिमका मापदण्डहरु पुरा गरेका कृषकहरुबाट आवेदनका लागि यो सूचना प्रकाशित गरिएको छ । इच्छुक कृषकले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (२०८०।०२।२४ गते) तोकिएको ढाँचा अनुसारको आवेदन फारम भरी यस माथागढी गाउँपालिकाको कृषि/पशु सेवा शाखामा पेस गर्नुहुन अनुरोध छ । विस्तृत जानकारीको लागि माथागढी गाउँपालिकाको कृषि तथा पशु सेवा शाखा मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।सम्पर्क नं. ९८५७०७९११२, ९८५७०७९११७

**मापदण्ड/आधारहरु:**

- माथागढी गाउँपालिका भित्र कृषि तथा पशुपालन व्यवसाय गरेको हुनुपर्नेछ ।
- बजेट विनियोजित भएको आर्थिक वर्षभित्र बीमा गरिएको हुनुपर्नेछ ।

**आवश्यक कागजातहरु:**

- माथागढी गाउँपालिका कृषि तथा पशु सेवा शाखाले उपलब्ध गराइएको ढाँचामा निवेदन ।
- पशु बिमा प्रमाण पत्रको प्रतिलिपि ।
- वडा कार्यालयबाट माथागढी गाउँपालिकाभित्र कृषि तथा पशुपालन गरेको व्यहोरा सहितको सिफारिस ।
- दर्ता फर्म भएमा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

दिनेश ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

अनुसुची-२

मितिः ................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
माथागढी गाउँपालिकाको कार्यालय झडेवा, पाल्पा ।

विषयः बीमा प्रिमियम अनुदान रकम पाउँ ।

उपरोक्त सम्बन्धमा यस माथागढी गाउँपालिका कृषि तथा पशु सेवा शाखाको आ.व. २०७९/८० मा स्वीकृत बाली तथा पशुधन बिमा प्रिमियममा अनुदान कार्यक्रमको अनुदान रकमका लागि यसै निवेदन साथ तपसिलका कागजातहरु संलग्न राखी यो निवेदन पेस गरेको छु ।

तपसिलः

१. पशु बीमा प्रमाण पत्रको प्रतिलिपि ।
२. वडा कार्यालयबाट माथागढी गाउँपालिकाभित्र कृषि तथा पशुपालन गरेको व्यहोरा सहितको सिफारिस ।

निवेदन
हस्ताक्षरः
कृषकको नाम, थरः
कृषकको ठेगानाः
सम्पर्क नं.ः

प्रमुख प्रशासकीय अधिकृत